## १९. पूर्वादेश

### १. पूर्वादेश भनेको के हो ?

*कुनै व्यक्तिले आफूद्वारा प्रस्तावित वा आफूले मानेको कुनै प्रवन्धका सम्बन्धमा द्विविधा भै विभागको धारणा लिन लिखित रुपमा निवेदन दिई जान्न चाहेमा निजलाई दिइएको लिखित विभागीय धारणालाई पूर्वादेश भनिन्छ ।*

### २. पूर्वादेश कस्ता करदातालाई लागू हुन्छ ?

*दफा ७६ अनुसार अफूद्वारा प्रस्तावित वा आफूले मानेको कुनै प्रवन्धका बारेमा कुनै द्विविधा परि निवेदन गर्ने करदातालाई मात्र पूर्वादेश लागू हुन्छ ।*

### ३. पूर्वादेश माग गर्ने तरिका के हो ? यो माग गर्न के कुनै निश्चित फाराम तोकिएको छ ? पूर्वादेश पाउन कस्ता सुचनाहरू विभागलाई उपलब्ध गराउनु पर्दछ ?

*पूर्वादेश माग गर्न विभाग समक्ष निवेदन दिनु पर्दछ । यस प्रयोजनका लागि निवेदनको ढाँचा तोकिएको छ । पूर्वादेश माग गर्न सम्बद्ध विषयको पूर्ण र यथार्थ विवरण विभागलाई उपलब्ध गराउनु पर्दछ । तर पूर्बादेश काल्पनिक बिषयमा भने माग्न सकिदैन । यो करदाताको द्विबिधा हटाउनको लागि प्रयोगमा ल्याएको आधुनिक कर प्रणालीको प्रबन्ध हो ।*

### ४. माग गरेको कति अवधिभित्र पूर्वादेश पाइन्छ ?

*पूर्वादेश माग गरेको ४५ दिनभित्र बिभागले उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था छ ।*

### ५. आफूले माग गरेको पूर्वादेश पाउन ढिला भयो भने के कस्तो अन्य कानूनी उपचार उपलब्ध छ ?

*आफूले माग गरेको पूर्वादेश पाउन ढीला भयो भने निवेदकले ऐनको दफा ११५ बमोजिम विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन वा दफा ११६(४) बमोजिम राजस्व न्यायाधीकरण समक्ष पुनरावेदन गर्न सकिन्छ ।*

### ६. पूर्वादेशको आदेश कुन अधिकारीबाट जारी हुन्छ ?

*पूर्वादेश आन्तरिक राजस्व विभागका महानिर्देशनबाट जारी हुन्छ ।*

### ७. पूर्वादेशमा चित्त नबुझे मैले के गर्न सक्छु ?

*पूर्वादेशमा चित्त नबुझे तपाईले ऐनको दफा ११५ बमोजिम विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन वा दफा ११६(४) बमोजिम राजस्व न्यायाधीकरण समक्ष पुनरावेदन दिन सक्नु हुन्छ ।*

### ८. के कुनै काल्पनिक विषयमा विभागको राय जान्न पूर्वादेश माग गर्न सकिन्छ ?

*कुनै काल्पनिक विषयमा विभागको राय जान्न पूर्वादेश माग गर्न सकिदैन । पूर्वादेशको विषयवस्तु निवेदकको कारोबारको यथार्थ अवस्थासँग सम्बन्धित भै कानूनी द्विविधा परेको हुनुपर्छ ।*

### ९. पूर्वादेश पाउन कुनै धरौटी वा दस्तुर बुझाउनु पर्दछ ?

*पूर्वादेश माग गर्न कुनैपनि धरौटी वा दस्तुर बुझाउनु पर्दैन ।*

**१०.पूर्वादेश बाध्यकारी आदेश हो ? हो भने यो कसका लागि बाध्यकारी हो ?**

*पूर्वादेश माग गर्ने निवेदक र कार्यान्वयन गर्ने कर प्रशासनका लागि मात्र पूर्वादेश बहाल रहेसम्म उक्त आदेश बाध्यकारी हुन्छ । अन्यलाई बाध्यकारी हुँदैन । पूर्वादेशसंग सम्बद्ध विषयको पूर्ण यथार्थ विवरण विभाग समक्ष प्रस्तुत गरेको र पूर्वादेश माग गरिएको निवेदनमा उल्लिखित बुंदा अनुरुपको प्रबन्ध भएको व्यक्तिको हकमा आन्तरिक राजस्व विभाग यस्तो पूर्वादेश मान्न बाध्य छ । पूर्वादेश जारी गरिएको व्यक्तिको हकमा सार्वजनिक परिपत्रभन्दा पूर्वादेशले यस्तो व्यक्तिका लागि प्राथमिकता पाउँछ ।*

**११.पूर्वादेशको पालना कस कसले गर्नु पर्दछ ?**

*कर प्रशासन र निवेदक दुवैले यो आदेशको पालना गर्नु पर्दछ ।*